नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# पुरातत्व विभाग

(विश्व सम्पदा संरक्षण शाखा)

E-mail: info@doa.gov.np
website: www.doa.gov.np
४२५०६८३, ४२५०६८५
४२५०६८६, ४२५०६८७
४२५०६८८, ४२६१४४०
फ्याक्स: ९७७-१-४२६२८५६
अभिलेखालय भवन
रामशाहपथ, काठमाडौं

पत्र संख्या:- ०७७-०७८

मिति: २०७७ ९। ५

च.नं.:- ६६३

श्री बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्
प्रदेश नं.-२, जनकपुरधाम, धनुषा ।

**बिषय: जानकी मन्दिरमा लाईटिङ्ग एवं बिद्युतीय उपकरणहरु जडान सम्वन्धमा ।**

प्रस्तुत सम्बन्धमा तहाँ परिषदको पत्र संख्या ०७७/७८ च.नं. १६९ मिति २०७७/०७/२८ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो ।

सो सम्बन्धमा संभाबित बिश्व सम्पदा सूचीमा सूचिकृत जनकपुरधाम स्थित जानकी मन्दिरको संबेदनशिलता र महत्व माथि कुनै किसिमको बेहिसाव हुन नपाओस् भनी सवै सरोकारवालाहरु सजग रहनु पर्ने र बिश्व सम्पदा सूचीमा सूचिकृत गर्ने तर्फ सोच समेत बनाई अगाडि बढ्ने सिलसिलामा केही कार्यहरु पनि भइरहेको अवस्थामा कुनै नकारात्मक असर पर्न नदिनका लागि सम्पदा प्रभाव मूल्याङ्कन (HIA) गर्न जानकारी गराए अनुसार सो समन्धी बिशेषज्ञको प्रतिवेदन र उक्त प्रतिवेदन सम्वन्धी साँस्कृतिक सम्पदा बिशेषज्ञिय संस्था संलग्न बिभागीय निर्णयानुसार गठित समितिवाट प्राप्त राय तथा सम्पदा प्रभाव मूल्याङ्कन प्रतिवेदनमा दिईएको राय सिफारिस बमोजिम देहायका सिफारिश तथा शर्तहरुको अधिनमा रही गर्न साथै प्रस्तुत कार्यले उक्त मन्दिर र सो क्षेत्रको परम्परागत धार्मिक, सांस्कृतिक पर्यावरणमा नकरात्मक प्रभाव नपारोस् भन्नेमा सचेत भई सो क्षेत्रको परम्परागत सांस्कृतिक पर्यावरण संरक्षण गर्दै कार्यगर्ने तर्फ ध्यान दिई बिश्व सम्पदाको संभाबित सूचिमा रहेको उक्त क्षेत्र बिश्व सम्पदामा सूचिकरण गर्ने सिलसिलामा हालको सुधार कार्यले कुनै समस्या नआउने गरी र आएमा सो को जिम्मेवारी, जवाफदेहिता समेत सम्वन्धित निकायले नै लिने शर्त लगायत प्राचीन स्मारक संरक्षण ऐन २०१३, प्राचीन स्मारक संरक्षण नियमावली २०४६ तथा प्राचीन स्मारक संरक्षण कार्यबिधि २०६४ को परिधि भित्र रही जनकपुरधाम उप-महानगरपालिका कार्यालय, जानकी मन्दिरका मठाधीश/महन्त, गुठी संस्थान लगायतका मुख्य तथा अन्य सरोकारवालाहरुसंग समेत बिषयगत र प्राविधिक रुपमा समेत समन्वयात्मक रुपमा कार्यगरी भविष्यमा बिश्व सम्पदा सूचीमा सूचिकरण गर्ने प्रकियामा कुनै असहज परिस्थिति

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# पुरातत्व विभाग

(विश्व सम्पदा संरक्षण शाखा)

E-mail: info@doa.gov.np
website: www.doa.gov.np
४२५०६८३, ४२५०६८५
४२५०६८६, ४२५०६८७
४२५०६८८, ४२६१४४०
फ्याक्स: ९७७-१-४२६२८५६
अभिलेखालय भवन
रामशाहपथ, काठमाडौ

नआउने गरी उक्त क्षेत्रको गुण तथा बिशेषताहरु, संवेदनशीलता, प्राथमिकता, अविछिन्नता जस्ता महत्वपुर्ण विषयका सम्वन्धमा सबै सरोकारवालाहरु सचेत भई माथि उल्लेख गरिए बमोजिम गर्नका लागि तहाँ बृहत्तर जनकपुर क्षेत्र विकास परिषदलाई जानकारी गराउने भन्ने मिति २०७७।९।५ को बिभागिय निर्णयानुसार जानकारीका लागि अनुरोध गर्दछु ।

**सिफारिसहरु तथा शर्तहरु**

१.Facade Lighting सम्वन्धमा Reversible रुपमा जानकी मन्दिरको परम्परागत मौलिक, वास्तुकलात्मक, वातावरणमा प्रतिकुल असर नपर्ने गरी पहिलो र दोश्रो तलामा तोकिए बमोजिम reversible खालका Electrical Fitting कार्यवाट केही नकारात्मक असर नपर्ने सिफारिस गरिए अनुसार गर्ने ।

भूई तलाको सन्दर्भमा भने मुख्य चाडपर्व तथा साँझको समयमा दर्शनार्थीहरुको आवागमन धेरै हुने हुँदा भूई तलाको सतहमा बिजुलीबत्तीहरु र सो सम्वन्धी सामाग्रीहरु (Fixture) मा राख्दा दर्शनार्थीहरु अल्झेर लड्ने अथवा बाधा व्यवधान हुनजाने संभावना रहन्छ भने यस्ता सामाग्रीहरुवाट दृष्य व्यवधान (Visual Disturbance) समेत हुनजाने हुन्छ । अतः मन्दिरको उक्त जमीन सतहलाई हस्तक्षेप नगरी वातावरण तथा जमीन सतह सुहाउँदो नयाँ सतह (additional surface) थप गरी त्यस माथिवाट मात्र काँटी किला ठोकी reversible रुपमा त्यस्ता बिद्युतिय सामाग्रीहरु नदेखिने गरी तथा सर्वसाधारण आगन्तुक एवं दर्शनार्थी हरुलाई हिड्दा व्यवधान नहुने गरी जडान गर्नुपर्ने ।

२. Lighting को लागि wiring गर्दा जडान गरिने Lighting Fixture तथा Tube Light (Conduit) लगायतका बिजुलीबत्तीहरु मन्दिरको बाहिरी मोहडा (Façade) संग तादात्म्यता हुने गरी सेतो रंगको हुनुपर्ने, बिजुली बत्ती नबालिएको दिउँसोको समयमा बाहिरवाट हेर्दा दृष्य प्रतिकुल हुने वा दृष्य प्रदुषण (Visual Impact) नहुने गरी गर्नुपर्ने ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# पुरातत्व विभाग

(विश्व सम्पदा संरक्षण शाखा)

E-mail: info@doa.gov.np
website: www.doa.gov.np
☎ ४२५०६८३, ४२५०६८५, ४२५०६८६, ४२५०६८७, ४२५०६८८, ४२६१४८०
फ्याक्स: ९७७-१-४२६२८५६
अभिलेखालय भवन
रामशाहपथ, काठमाडौं

३. यसैगरी जडान गरिने बिजुलीबत्ती र यस सम्वन्धी सामाग्रीवाट मन्दिर र उक्त क्षेत्रमा कुनै किसिमको आगलागी लगायतको जोखिमयुक्त हुन नहुने ।

४.यस्तो विशेष बिजुलीवत्तीहरु दैनिक साताको बार अनुसार जानकी माताको पोशाकको रङ्ग अनुरुप हुनेगरी बाल्दा जानकी माताको आदर हुने, यसले मन्दिरको Façade लाई अर्थपुर्ण बनाउने र साँस्कृतिक परम्परालाई समेत जगेर्ना र निरन्तरता दिने भएकाले सोही अनुरुप गर्ने ।

५. बत्ती बढी power तथा बढी shadow को नभई मौलिक रङ्ग तथा सौन्दर्य प्रदान गर्ने गरी एवम् पुजारीवाट हुने दैनिक पुजा, संस्कार तथा समारोहमा मन्दिरलाई बाधा व्यवधान नहुने खालको हुनुपर्ने ।

६. यस बाहेकका अन्य सामान्य सिफारिशहरु HIA Report मा उल्लेख भए बमोजिम गर्ने तर उपर्युक्त उल्लेखित सिफारिश एवं शर्तहरुमा नबाभिने गरी गर्नुपर्ने ।

(सुभद्रा भट्टराई)
पुरातत्व अधिकृत

<u>बोधार्थ</u>

श्री सामाजिक बिकास मन्त्रालय प्रदेश नं.-२, जनकपुरधाम, धनुषा ।

श्री जिल्ला प्रशासन कार्यालय, जनकपुरधाम, धनुषा ।

श्री जनकपुरधाम उप-महानगरपालिका कार्यालय,
जनकपुरधाम, धनुषा ।

श्री गुठी संस्थान प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।

श्री महन्त ज्यू,राम तपेश्वर दास/राम रोशन दास
जानकी मन्दिर, जनकपुरधाम ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
**पुरातत्व विभाग**
रामशाहपथ, काठमाडौं।

पत्र संख्या: ०६६।६८ चलानी नम्बर: ६९३

श्री मुहत्तार जनकपुर क्षेत्र विकास
परिषद, प्रदेश नं २ जनकपुरधाम
धनुषा

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
**पुरातत्व विभाग**
रामशाहपथ, काठमाडौं।

पत्र संख्या: ०६६।६८ चलानी नम्बर: ६९३

श्री महन्त ज्यू राम तपेश्वर दास /
राम रोशन दास जानकी
मन्दिर, जनकपुरधाम।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
**पुरातत्व विभाग**
रामशाहपथ, काठमाडौं।

पत्र संख्या: ०६६।६८ चलानी नम्बर: ६९३

श्री जनकपुरधाम उप-महानगर-
पालिको कार्यालय
जनकपुरधाम, धनुषा

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
**पुरातत्व विभाग**
रामशाहपथ, काठमाडौं।

पत्र संख्या: ०६६।६८ चलानी नम्बर: ६९३

श्री जिल्ला प्रशासन कार्यालय
जनकपुरधाम, धनुषा

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
**पुरातत्व विभाग**
रामशाहपथ, काठमाडौं।

पत्र संख्या: ०६६।६८ चलानी नम्बर: ६९३

श्री सामाजिक विकास मन्त्रालय
प्रदेश नं. २ जनकपुरधाम
धनुषा।